कोशी प्रदेश सरकार

आन्तरिक मामिला तथा कानून मन्त्रालय

# यातायात व्यवस्था कार्यालय सवारी

कोशी प्रदेश, इटहरी, सुनसरी

## स्थानीय तहमा दर्ता भएका ई-रिक्साको दर्ता, प्रतिलिपि तथा नवीकरण सम्बन्धी सूचना:-

- यातायात व्यवस्था कार्यालयमा दर्ता भई स्थानीय तहमा हस्तान्तरण भएका ई–रिक्सा पूनः यातायात व्यवस्था कार्यालयमा दर्ता गर्दा यदि कार्यालयले जारी गरेको सक्कल (ब्लूबूक) भएमा सोको आधारमा स्थानीय तहबाट सरुवा फिर्ता गरेको निस्सा समेत राखी सोही दर्ता नम्बर कायम हूने गरी अभिलेख खडा गर्ने ।
- यदि यातायात व्यवस्था कार्यालयहरुले जारी गरेको सक्कल (ब्लूबूक) नभएको तर स्थानीय तहले जारी गरेको सवारी दर्ता प्रमाण–पत्र (ब्लूबूक) मा यातायात व्यवस्था कार्यालयले जारी गरेको सवारी दर्ता नम्बर समेत उल्लेख भएको खण्डमा स्थानीय तहले जारी गरेको सक्कल सवारी दर्ता प्रमाण–पत्र राखी साविकको नम्बर कायम गरी ब्लूबूकको प्रतिलिपि दिने ।
- त्यसैगरी यदि यातायात कार्यालयले दिएको जाँचपास प्रमाण–पत्रको सक्कल पेश गरेमा पनि सोही सक्कल–पत्रको आधारमा यातायात व्यवस्था कार्यालयले जारी गरेको दर्ता नम्बर कायम गरी सवारी दर्ता प्रमाण–पत्रको प्रतिलिपि जारी गर्ने ।
- सोझै स्थानीय तहमा दर्ता भएका वा यातायात व्यवस्था कार्यालयमा दर्ता भई स्थानीय तहमा हस्तान्तरण भएका ई–रिक्साहरुको सवारी दर्ता अभिलेख किताव स्थानीय तहमा जेन–जीको आन्दोलनको क्रममा जली नष्ट भएको अवस्थामा स्थानीय तहमा दर्ता भएका एवम् कर चुक्ता गरेको प्रमाणको आधारमा सक्कल सवारी दर्ता प्रमाण–पत्र (ब्लूबूक) समेत राखी सरुवा दर्ता सरह दर्ता गर्ने ।
- सेवाग्राहीले नागरिकताको फोटोकपी, दूई प्रति हालसालै खिचिएको फोटो, सवारी दर्ता प्रमाण–पत्रको फोटोकपी, सवारी साधनको इन्जिन र चेसिस नम्बर देखिने गरीको फोटो, सवारी साधनको पुर्ण भाग देखिने गरीको फोटो संलग्न राख्नु पर्नेछ ।
- उल्लिखित बेहोराको अतिरिक्त सवारी दर्ता, नवीकरण, प्रतिलिपि जारी र नामसारी गर्दा कार्यालय प्रमूखले जिम्मेबारीपुर्वक कर्तव्य निर्वाह गर्नू पर्नेछ । .